# आ.व. २०८१/०८२ का लागि बुद्धभूमि नगरपालिकाको नीति तथा कार्यक्रम

बुद्धभूमि नगरपालिकाको नगरसभाको पन्ध्रौं अधिवेशनको बैठकमा उपस्थित नगर उपप्रमुख ज्यू, नगर सभा सदस्य ज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगर कार्यपालिकाका सम्पूर्ण शाखा प्रमुख साथै राष्ट्र सेवक कर्मचारी ज्यूहरू, पत्रकार साथीहरू,

बुद्धभूमि नगरपालिकाको स्थानीय सरकारको प्रमुखको हैसियतबाट यस गरिमामय नगर सभाको पन्ध्रौं अधिवेशनको बैठक समक्ष आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवको अनुभूति गरेको छु।

नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सर्म्पूण ज्ञात, अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम निर्माणको क्रममा नेपालको संविधानमा भएको व्यवस्थाहरू तथा संविधानको अनुसूची ८ र ९ अनुसारका एकल अधिकार र साझा अधिकारका सूचीहरूमा भएका व्यवस्थाहरू, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत वित्त आयोग ऐन, सोह्रौं योजनाको अवधारणापत्र, दिगो विकासका लक्ष्यहरू, संघ र प्रदेशले जारी गरेका नीति, कानून र मापदण्ड, नगरपालिकाको पञ्चबर्षिय आवधिक योजना, मध्यकालिन खर्च संरचना, अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, स्थानीय तहसँग सम्बन्धित कानूनहरूको दिशा निर्देशनलाई मध्यनजर गर्दै आम सरोकारवालाबाट प्राप्त सुझावहरू, विषयगत समितिहरूबाट प्राप्त सुझावहरू, वस्ती/टोल तथा वडा भेलाहरूबाट प्राप्त भएका सुझावहरू र सार्वजनिक अपिलबाट प्राप्त सुझावहरू तथा नगरवासीहरूले समय समयमा दिनुभएको राय सुझावहरू यस नीति तथा कार्यक्रमका आधारशिलाको रूपमा रहेको छ।

"खुसी नगरबासी, समृद्ध बुद्धभूमि" भन्ने नारा र बुद्धभूमि नगरपालिकाको दिर्घकालीन सोच "जलाशय, कृषि,वन र पुर्वाधार, खुसी सुखी बुद्धभूमिको मुल आधार" लाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग दिगो विकासका समग्र लक्ष्यहरूको सम्बोधन, सुशासन प्रवर्द्धन, वित्तीय अनुशासन तथा पारदर्शिताका साथ यस नगरपालिकाको आवधिक पञ्च वर्षिय योजना तथा मध्यकालिन खर्च संरचनाबाट निर्धारण गरिएका प्राथमिकताका क्षेत्र, गौरवका आयोजना र रूपान्तरणकारी योजनाहरू तथा कार्यक्रमहरूलाई क्रमशः कार्यान्वयन गर्ने गरी बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिने छ।

हामीले गर्नुपर्ने कामको फेरिस्त लामो छ, हाम्रो स्रोत, साधन र सार्मथ्यको उच्चतम परिचालन गर्दै ती कार्यहरू प्राथमिकीकरण गरि कार्यान्वयन गरिनेछ। देशको अर्थतन्त्र कमजोर भई संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका अनुदानमा भारी कटौति भएको र राष्ट्रिय अर्थतन्त्रको प्रत्यक्ष असर

स्थानीय तहमा समेत परी आन्तरिक राजश्व संकलनमा समेत लक्ष्य अनुसार नभएको कारण ठुला र महत्वकांक्षी योजना तर्जुमा नगर्ने नीति लिईने छ। जसले गर्दा पुँजीगत खर्चको आकार गत वर्षको सेरोफेरोमा राख्ने नीति रहेको छ।

सक्रिय श्रमशक्तिको परिचालन गर्दै रोजगारमुलक क्रियाकलाप सञ्चालन, वैदेशिक रोजगारीबाट फर्किएका दिदि बहिनी तथा दाजुभाईहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्न कार्यक्रम निर्माण, सडक सञ्जालहरूको स्तरोन्नति तथा उत्पादनमा आधारित अनुदान, एकल महिला, ज्येष्ठ नागरिकको आत्मसम्मान, विपद् तयारी तथा प्रतिकार्य, छात्रा छात्रवृत्ति, स्वास्थ्य पूर्वाधार निर्माण मर्मत तथा सेवा प्रवाह प्रविधिमैत्री बनाउनु का अलावा वडा कार्यालयबाट प्रवाह हुने सेवालाई जनमैत्री / प्रविधिमैत्री / अपांगमैत्री / बालमैत्री / महिलामैत्री बनाउने जस्ता विषयहरूलाई यथोचित सम्बोधन गर्ने गरी आगामी बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिने छ।

## आ.व. २०८०/८१ को नीतिगत स्थितिको संक्षिप्त समिक्षा

- अत्यावश्यक कानूनहरू तर्जुमा भएका छन्। विषयगत कार्यविधिहरूको निर्माणले कार्य सरलीकरण भएको छ।
- नगरबासी, सेवाग्राही तथा अन्य निकाय मार्फत नगरपालिकामा आएका गुनासोको सम्बोधन भएका छन् भने नगरपालिकाको काम कारवाहीका सम्बन्धमा परेका उजुरीहरु माथी भएको छानबिनमा नगरपालिकाका काम कारबाहि त्रुटिरहित पाईएको छ।
- नगरपालिकाबाट प्रवाह हुने सेवा लाई क्रमश प्रविधिमैत्री बनाउदै लगिएको छ। राजश्व, जिन्सी, योजना, लेखा, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताका काम कारबाही सरकारी सफ्टवेयर मार्फत संचालन गरीएको छ।
- स्थानीय तह संस्थागत क्षमता स्वःमुल्यांकंन (लिजा) को कार्य सम्पन्न गरी पेश गर्नमा नेपालकै प्रथम स्थानीय तह भएको छ। स्थानीय तह संस्थागत क्षमता स्वःमुल्यांकंन (लिजा) मा बुद्धभूमि नगरपालिकाले आ.व. २०७८/७९ मा ७५.५ प्रतिशत अंक प्राप्त गरेकोमा आ.व. २०७९/८० मा ८१ प्रतिशत अंक प्राप्त गरेको छ। साथै स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्यांकंन (FRA) मा बुद्धभूमि नगरपालिकाले आ.व. २०७८/७९ मा ६५ प्रतिशत अंक प्राप्त गरेकोमा आ.व. २०७९/८० मा ७२.५ प्रतिशत अंक प्राप्त गरेको छ।
- मिनी ट्रिलर, कर्नसेलर, चापकट्टर लगायत सिचाईका लागि विद्युतीय मोटर तथा पम्पिङ्ग सेट तथा विभिन्न अन्नको विउ, विषादी, मल आदि कृषि जन्य वस्तुमा प्रदान गरिएको अनुदानबाट कृषकहरुले लाभ प्राप्त गरेका छन। पशु विमा कार्यक्रम संचालन भएको छ।
- नेपालको संविधानले अंगालेको तीन खम्बे अर्थनीतिको एक खम्बाको रुपमा रहेको सहकारी क्षेत्रलाई सबल सक्षम बनाई सहकारी संस्थाको क्षमता अभिबृद्धि गर्न विभिन्न तालिमहरु संचालन भएका छन साथै वर्तमान परिवेशमा देखिएको सहकारी सम्बन्धी समस्या यस नगर क्षेत्रभित्र नरहोस भन्ने ध्येयबाट निरन्तर रुपमा

सहकारीहरुको अनुगमन तथा अन्तरक्रिया गरी आवश्यक मौखिक / लिखित निर्देशन र सुझाव दिईएको छ ।

- साना उद्यमीलाई व्यवसायी बनाउन र उत्पादनको बजारीकरणका लागि कोसेली घरको संचालनमा आवश्यक व्यवस्थापकिय सहयोग भएको छ । व्यवसाय दर्ता तथा बजार अनुगमनबाट नगरभित्रका व्यवसायीहरुलाई व्यवसाय करको दायरामा ल्याउने प्रयास गरिएको छ ।
- ताल, धार्मिक स्थल, सार्वजनिक स्थल तथा पर्यटकिय स्थलको सौन्दर्यीकरणको कार्यमा तिव्रता आएको छ।
- बैदेशिक रोजगारमा जान चाहाने व्यक्तिहरुको पुनः श्रम स्वीकृती कार्यक्रम सुरुवात भएको साथै वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यहरुको वैयक्तिक विकासका लागि सामी कार्यक्रम सञ्चालन गरी वित्तीय साक्षारता र मनोसामाजिक परामर्शका कक्षाहरू समेत सञ्चालन गरिएको छ ।
- अन्तराष्ट्रिय सहयोग, सहकार्य, समन्वय र सम्बन्ध विस्तारका लागि जापानाको टोकियो स्थित ताचिकावा नगरसँग भागिनी सम्बन्ध कायम गर्न प्रक्रिया अगाडि बढाइएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत चालु आर्थिक वर्षमा ११५ जनालाई रोजगारी प्रदान गरीएको छ । युवा वर्गलाई प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि गर्नका लागि निःशुल्क शिक्षक सेवा आयोग तथा लोक सेवा आयोग तयारी कक्षा संचालन भएका छन् ।
- योजनाहरूको दिगोपना र गुणस्तरीयताको लागि ल्याब परिक्षण पश्चात मात्र भूक्तानी दिने व्यवस्था गरीएको छ।
- नगरपालिको मुख्य सडक मध्येको टिक्कर-बुडढी-विजगौरी हुलाकी सडक दुई लेनमा विस्तारको कामको तेस्रो खण्ड पुरा गर्ने चरणमा रहेको तथा बुड्ढी देखी धनकौली सम्मको सडकको मर्मत/व्यवस्थापन गरीएको छ । नगर चक्रपथको बाँकी काम लगायत क्रमागत अधुरा सडक योजनाहरूका लागी कार्य अगाडी बढेको छ ।
- लागत साझेदारीमा विभिन्न योजनाहरु सञ्चालन भएका छन । पुराना वर्षका तुलनामा योजनाको खण्डिकरण न्यून हुनुका साथै ठुला तथा जटील प्रकृतिका योजना ई-विडिङ मार्फत संचालन भएको छ ।
- बुद्धभूमि नगरपालिकाको हनुमानचोक, बुडढीमा शान्ति सुरक्षाको लागि प्रहरी चौकी स्थापना गरी सेवा प्रवाह भइरहेको छ ।
- भूमिहिन सुकुम्बासी, भूमिहिन दलित, अव्यवस्थित बसोबास सम्बन्धी विषयमा केहि वडाहरुमा व्लक कायम गर्ने कार्यको तयारीमा रहेकोमा हाल आयोगको खारेजीका कारण कार्य स्थगित रहेको छ ।
- पुराना तथा नया मेलमिलापकर्तालाई क्षमता अभिवृद्धि तालिम प्रदान मेलमिलाप केन्द्रलाई थप व्यवस्थित गरिएको छ ।
- तोकिए बमोजिम सार्वजनिक सुनुवाई भएको छ ।
- टोल विकास संस्थालाई दर्ता प्रक्रियामा ल्याई थप जिम्मेवार बनाईएको छ ।

- विद्यालय समायोजन, शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण कार्य अन्तिम चरणमा रहेको छ। वडा शिक्षा समितिलाई थप सक्रिय बनाइनुका साथै विभिन्न शैक्षिक सामाग्री वितरण गरिएको छ। विद्यालयको वाह्य वातावरण सुधारको कार्यक्रम कार्यान्वयनमा जानुका साथै तुलनात्मक रुपमा आधारभुत तहको नतिजामा सुधार आएको छ। कक्षा ४-६ को स्थानीय पाठ्यक्रममा आधारित पाठ्य पुस्तक निर्माणको चरणमा रहेकोले आगामी आ.व. बाट लागु गरिनेछ।
- राष्ट्रपति रनिङ शिल्ड, मेयर कप साथै नगरस्तरीय तथा वडा स्तरीय खेलकुद प्रतियोगिताका कार्यक्रमहरु सफलतापुर्वक सम्पन्न भएका छन्।
- लक्षित वर्गका लागि विभिन्न किसिमका सिपमुलक तालिम संचालन भएका छन, वडा नं. ५, ६, ८ र १० बालश्रममुक्त वडा घोषणा उन्मुख रहेको छन, वालमैत्री स्थानीय शासन घोषणाका लागी प्रोफाईल निर्माणको चरणमा रहेको छ।
- 'क' वर्गका अपाङ्गता भएका व्यक्ति र ९० वर्ष भन्दा माथिका जेष्ठ नागारिकको सामाजिक सुरक्षा भत्ता वितरणको सेवा घरमै पुर्याउने व्यवस्थाको लागि गृहकार्य गरिएको छ। साथै ८० वर्ष भन्दा माथिका जेष्ठ नागरिकको घरमै गई स्वास्थ्य परीक्षण गरीएको छ।
- बुद्धभूमि नगरबासीलाई निःशुल्क रुपमा रक्तजन्य पदार्थ उपलब्ध गराउने व्यवस्था मिलाईएको छ। प्रसुति सेवा लिने महिलाको लागि जिल्ला भित्र निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ। महिला स्वयं सेविका तथा सिकलसेल एनिमियाको बिरामीहरुलाई निःशुल्क स्वास्थ्य बिमा गरिएको छ।
- साप्ताहिक रुपमा निःशुल्क आखाँ सिविर सञ्चालन भईरहेको, फेको प्रविधिबाट आखाँको मोतियाबिन्दुको उपचारमा ५०% अनुदान प्रदान गरिएको, बुद्धभूमि नगरपालिकाको आयोजना तथा काठमाण्डौं मेडिकल कलेज तथा शिक्षण अस्पतालको प्राविधिक सहयोगमा १५ जना विज्ञ डाक्टरबाट निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भएको छ। ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत महिलाको पाठेघर जाँच सम्बन्धी घुम्ति सिविर सञ्चालन भएको छ। अपांग बालबालिकाको निःशुल्क स्वास्थ्य परीक्षणका लागि अपांग बाल अस्पताल धुलिखेलको सहयोगमा शिविर संचालन भएको छ।
- वडा नं. २ र ५ लाई पुर्ण संस्थागत सुत्केरीको दिगोपन साथै वडा नं. १, ३, ४ र ९ लाई पुर्ण संस्थागत सुत्केरी घोषणाको अन्तिम तयारीमा पुर्याईएको छ।
- गोरूसिर्गेमा रहेको सर्पदंश उपचार केन्द्रलाई समायनुकुल व्यवस्थित बनाउँदै लगिएको छ। विभिन्न स्थानमा विपद् कर्नर स्थापना गरिएको छ। गर्मीमा लु. बाट बचाउन जनचेतनामुलक सन्देश प्रवाह गरिनुका साथै जाडोमा शितलहर जस्ता विपद् बाट बचाउनका लागि दाउरा वितरण, न्यानो कपडा वितरण जस्ता कार्यक्रम प्रभावकारी रुपमा संचालन भएका छन ।
- जनतालाई जनताकै घरदैलोमा सेवा पुर्याउन एकिकृत घुम्ती सिविर सञ्चालन भएको छ।
- १५ सैय्याको नगर अस्पताल निर्माण क्रममा रहेको हुँदा स्रोत अभावको कारण पूर्णता पाउन सकेको छैन।

**प्रस्तुत नीति, कार्यक्रम तथा बजेटका उद्देश्यहरूः**

r सामाजिक, आर्थिक र भौतिक पुर्वाधार विकासमा जोड दिने,

- आन्तरिक रोजगारी तथा स्वरोजगार प्रवर्द्धन र श्रमको सम्मानमा जोड दिने,
- गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सुविधा सुनिश्चितताको लागि शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारमा जोड दिने,
- विपद्को सम्बोधन, सामाजिक न्याय, सामाजिक सुरक्षा तथा संरक्षणको प्रत्याभूति दिलाउने,
- पारदर्शिता, जवाफदेहिता तथा सुशासन अभिवृद्धि गर्ने,
- जनसहभागिता, समन्वय, सहकार्य तथा साझेदारी प्रबर्द्धन गर्ने,
- दिगो विकास लक्ष्य प्राप्तिमा जोड दिने,

**प्रस्तुत नीति, कार्यक्रम तथा बजेटका प्राथामिकताहरूः**

- नगर गौरवका योजनामा निरन्तरता तथा अधुरा योजनाहरू पुरा गर्न उच्चतम जोड दिने,
- सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारहरू निमार्ण सँगै गुणस्तरीयता वृद्धि गर्ने,
- कृषिको आधुनिकीकरण, उत्पादकत्व अभिवृद्धि, व्यवसायिकरण र बजारीकरण गर्ने,
- कार्यालयको सेवा प्रवाह जनमैत्री, प्रविधिमैत्री तथा गुणस्तरिय बनाउन जोड दिने,
- सामाजिक समावेशीकरण र लैङ्गिक शसक्तिकारणमा जोड दिने,
- गरिबी निवारण, आत्मनिर्भर र उद्यमशीलतामा जोड दिने,

## क्षेत्रगत रूपमा आगामी आ.व. २०८१/०८२ का क्षेत्रगत नीति तथा कार्यक्रम

### भौतिक पूर्वाधार विकास क्षेत्रः

### "भौतिक पूर्वाधार-समृद्धिको आधार"

१. नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्दै नगरबासीको लागि न्युनतम शहरी पुर्वाधार निर्माणमा जोड दिन क्रमागत अधुरा सडक योजनाहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ । संघ र प्रदेश सरकारको सहयोग र साझेदारीमा ठुला पुर्वाधार विकासमा पहल गरिने छ, महत्वपुर्ण तथा कार्यान्वयन गर्न सकिने आयोजनाहरुको डीपिआर तयार गरिनेछ ।

२. नगरपालिकाका पुर्वाधारहरुमा लगानीको विभिन्न वित्तीय उपकरण तथा स्रोत परिचालन गर्न नगर विकास कोषमा नगरपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाईने छ ।

३. योजना कार्यान्वयनमा देखा पर्ने विवाद तथा समस्याहरुको सिघ्र समाधान गर्न आवश्यक संयन्त्र निर्माण गरिनेछ ।

४. योजना कार्यान्वयन प्रगतिका आधारमा सम्पन्न गर्ने, निरन्तरता दिने, स्थगन गर्ने वा खारेज गर्ने नीति अबलम्बन गरिनेछ ।

५. नगरपालिका क्षेत्रभित्र संचालन हुने निर्माण सम्बन्धी योजनाहरूको गुणस्तरियता र दिगोपनाको लागी ल्याब परिक्षण, योजना अनुगमन लगायतको कार्यहरुको निरन्तरता रहनेछ । नगर चक्रपथको बाँकी कामलाई

निरन्तरता दिइनेछ। नगर चक्रपथमा पर्ने ठूला पक्की पुलको निर्माणका लागि सहलगानीलाई प्राथमिकता दिइनेछ।

६. योजना संचालन गर्दा स्थानीय साधन स्रोत र जनशक्ति परिचालनलाई प्राथमिकता दिनुपर्ने नीति अपनाईनेछ ।

७. नगरको लगानीलाई कम तथा जनताको अपनत्व र उत्साहलाई कायम र बढोत्तरी गर्न नगरपालिका र समुदाय बिचको ५०:५०, ६०:४०, ७०:३० को अनुपातमा लागत साझेदारी हुनेगरी सञ्चालन हुने कार्यक्रमहरूलाई प्राथमिकता दिई निरन्तरता दिइनेछ।

८. बुद्धभूमि नगरपालिकालाई कृषिमा आत्मनिर्भर, खाद्यान्नको निकासी मार्फत आयस्तरमा वृद्धि गर्न सिंचाई प्रणालीको सुधार, विस्तार र सुदृढीकरणको लागि बजेट व्यवस्था गरिनेछ। सिंचाईमा सबै कृषकको पहुँच स्थापना गर्नका लागि ताल-तलैया तथा पोखरीमा पानी भण्डारण गरि सिँचाईको व्यवस्था मिलाईनेछ।

९. नगरक्षेत्रमा सञ्चालन हुने योजनाहरूमा गुणस्तरीय र तत्काल प्रतिफल दिने खालका योजनालाई प्राथमिकता दिइनेछ। नगरपालिकाबाट नगर गौरवका योजना, नगरस्तरीय मझौला योजना र साना योजना गरि योजनाको प्राथमिकता निर्धारण गरिनेछ। नगरपालिकाबाट मर्मत सम्भारका योजना बाहेक लागत रू. ५ लाख भन्दा साना योजना सञ्चालन गरिने छैन। साथै वडा कार्यालयमा विनियोजित पूँजीगत खर्च तर्फ कम्तिमा ५० प्रतिशत रकम बराबरको योजना ६ लाख भन्दा माथिको, ३० प्रतिशत रकम बराबरको योजना ३ लाख माथिको र बाँकी रकम तत्काल सम्बोधन गर्नुपर्ने योजनाका लागि विनियोजन गर्ने नीति अख्तियार गरिनेछ।

१०. सडकको गुरूयोजना अनुरुपको मापदण्ड बमोजिम दिगो सडक निर्माण कार्य अगाडि बढाई नगर क्षेत्राधिकार भित्र सडक मापदण्ड कडाईका साथ लागु गरिनेछ।

११. नगरपालिकाको स्वामित्व र भोगाधिकार कायम भएको एबम सरकारी ऐलानी जग्गामा भएको अतिक्रमण हटाउनका लागि पहल गरिनेछ।

१२. उपभोक्ता समितिले कार्यान्वयन गर्न सक्ने/मिल्ने प्रकृतिका योजना मात्र उपभोक्ता समिति मार्फत सञ्चालन गरिनेछ। लागत रू. ११ लाख भन्दा बढीको हकमा ready-mix प्रयोग गर्ने गराउने नीति अपानाईनेछ।

१३. विनियोजित रकमका योजनाहरू नगरपालिकाबाट कार्यान्वयन कार्ययोजना तथा अनुगमन योजना बनाई कार्यान्वयन गर्ने प्रवन्ध मिलाइनेछ। जटिल प्रकृतिको खरिद गर्नुपर्ने, संघ, प्रदेश र अन्य साझेदारी निकायबाट प्राप्त योजनाको सन्दर्भमा आवश्यकताको आधारमा सोही आ.व.मा सम्पन्न हुने गरी सम्झौता गरिनेछ। निर्माण व्यवसायी मार्फत हुने खरिद प्रक्रियालाई E-bidding मार्फत गरिनेछ। सडक पिच गर्ने, सरकारी भवन निर्माण गर्ने, सामाग्री खरिद गर्ने प्रकृतिका योजनाहरू उपभोक्ता समितिबाट नगराउने प्रबन्ध अनिवार्य रूपमा लागू गर्ने नीतिको निरन्तरता रहनेछ।

१४. समयमै योजना सम्पन्न गर्न तथा गुणस्तरीयता अभिवृद्धि गर्न नगरपालिकाले समय सारिणी सहितको योजना बमोजिम कार्य अगाडी बढाईनेछ।

१५. नगर बाट संचालन हुने योजनालाई समय सिमा भित्रै सम्पन्न गर्न वडाभित्रको योजनाहरू चैत्र मसान्त भित्र सम्पन्न गर्ने वडाहरूलाई प्रोत्साहन स्वरुप थप १० लाख सम्मको योजना दिने कार्यलाइ निरन्तरता दिइनेछ ।

१६. विशिष्ट प्रकारका योजनाहरू सार्वजनिक निजी साझेदारी (Public Private Partnership) मार्फत सञ्चालन गरिनेछ ।

१७. नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि आ.व. २०८१।०८२ मा जग्गा प्राप्ति तथा आवश्यक बजेटका लागि संघीय सरकार तथा प्रदेश सरकारलाई अनुरोध गरिनेछ । त्यसको लागि आवश्यक तयारी र आवश्यक बजेटको व्यवस्था गरिने छ । आफ्नो भवन नभएका र भवन जीर्ण भएका वडा कार्यालयहरूको लागि आफ्नै भवन बनाउने नीति अनुरूप प्राथमिकताका आधारमा यसै आ.व. देखि भवन निर्माणको कार्य सुरुवात गरिनेछ ।

१८. सुरक्षित र व्यवस्थित आवास निर्माण गरी बुद्धभूमिलाई बस्न योग्य नगरको रुपमा विकास गर्न वस्ती विकास तथा भवन निर्माण मापदण्ड, २०७२ बमोजिम गरिनेछ । भवन निर्माण र नक्सा पास प्रक्रियालाई सरल र प्रभावकारी बनाउन अनलाईन प्रविधि अबलम्वन गरिनेछ । खरको छाना मुक्त अभियानलाई निरन्तरता दिइनेछ । सुरक्षित नागरिक आवास कार्यक्रमलाई भरपर्दो तथा प्रभावकारी बनाउन प्राविधिक अनुगमन तथा प्रतिवेदन अनिवार्य गरीनेछ ।

१९. नक्सा पास तथा अभिलेखीकरण गर्दा सडक तथा भवन निर्माण मापदण्डको पालना गरी स्वीकृति दिइनेछ । बुद्धभुमि नगरपालिका क्षेत्रभित्र घर नम्बरीङ गर्ने कार्य अगाडी बढाईने छ ।

२०. नगरस्तरीय सडक खण्डमा पर्ने तथा अन्य रणनीतिक सडकहरूमा पर्ने पुल, कल्भर्ट, भवन निर्माणका लागि संघ तथा प्रदेश सँग सह-लगानीका लागि रकम व्यवस्था गरिनेछ ।

२१. चालु आ.व. मा सञ्चालित तथा अघिल्ला आ.व. हरूमा सञ्चालन भएका योजनाहरूको मर्मत सम्भार, व्यवस्थापनका लागि कार्यविधि अनुरूप मर्मत संम्भार कोष सञ्चालन गर्न आवश्यकता र औचित्यताको आधारमा कोषमा रकम व्यवस्था गरिनेछ । अघिल्ला आ.व. हरूमा कालोपत्रे भएका तर सानो मर्मत संम्भारले निर्मित पूर्वाधारको दिगोपना बढ्ने योजनामा यस्तो कोषको रकम खर्च गर्न प्राथमिकता दिइनेछ ।

२२. निर्मित संरचनाहरूको गुणस्तरीयता परीक्षणका लागि जनशक्ती ब्यवस्थापन गरी कार्यालयमा ल्याब स्थापना गरिनेछ । नगरबाट संचालन हुने योजनाहरुको गुणस्तर परीक्षण रिपोर्टको आधारमा मात्र भुक्तानी गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२३. यस नगर भित्रका डकर्मी/सिकर्मी/ईलेक्ट्रिसियन, पलम्बर जस्ता जनशक्तीलाई आवश्यकता अनुसार प्राविधिक क्षमतामा अभिबृद्धी गर्न तालिम सञ्चालन गर्नुका साथै सिटिईभिटीबाट सिप परीक्षण गरी प्रमाणपत्र प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

## सार्वजनिक सेवा तथा क्षमता विकास क्षेत्रः

२४. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि नगर तथा वडा कार्यालयबाट मुस्कानसहितको सेवा प्रदान गरिने छ । नगरपालिकाबाट प्रदान गरिने सेवालाई छिटो, छरितो, पारदर्शी र प्रविधियुक्त बनाउदै

लगिनेछ। प्रत्येक वडा तथा नगरपालिकामा नागरिक वडा पत्रको होर्डिङ्ग बोर्ड तथा सुझाव पेटिका राखिने छ। पहिलो चौमासिक भित्र बार्षिक विकास योजनाको समिक्षा, कम्तीमा प्रत्येक चौमासिकमा १ वटा सार्वजनिक सुनुवाई, पहिलो चौमासिक भित्र सामाजिक परीक्षण र योजना सम्पन्न पश्चात गरिने सार्वजिनक लेखा परिक्षणलाई निरन्तरता दिइनेछ। सेवालाई चुस्तदुरूस्त तथा प्रभावकारी बनाउन नगर भित्र सिसीटिभी जडानलाई निरन्तरता दिई सेवा प्रवाहलाई प्रत्यक्ष निगरानीमा राखिने छ , वित्तीय अनुशासन कायम गर्दै काम सम्पन्न भएको मितिले १० दिनभित्र भुक्तानी प्रक्रिया अगाडि बढाउने प्रबन्ध मिलाइनेछ।

२५. बुद्धभूमिको बिकास र समृद्धीमा योगदान पुग्ने गरी अन्तराष्ट्रिय तथा अन्तरपालिका समन्वय, साझेदारी र सहकार्यलाई जोड दिईनेछ। अन्तराष्ट्रिय रुपमा यस पालिकाको पहिचान स्थापित गर्दै सहयोग, सहकार्य, समन्वय र सम्बन्ध विस्तारका लागी जापानको टोकियो स्थित ताचिकावा नगरसँग भगिनी सम्बन्ध कायम गर्न प्रक्रिया अगाडी बढाईएकोमा सो कार्यलाई निरन्तरता दिईने छ। नेपालभित्रका अन्य पालिकासँग भगिनी सम्बन्ध स्थापना गर्ने नीति निरन्तरता रहनेछ।

२६. आर्थिक पारदर्शिता र वित्तीय अनुशासनलाई कडाईका साथ पालना गरी भ्रष्टाचार विरूद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

२७. नगर प्रमुखसँग प्रमुख प्रशासकीय अधिकृतले र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखले कार्य सम्पादन सम्झौता गरिनेछ।

२८. भौगोलिक सूचना प्राणालीको आधारमा संघ, प्रदेश सरकार र अन्य संघसंस्थाको सहकार्यमा भू-उपयोग नीति अनुरूप भूमि वर्गीकरण, स्रोतको पहिचान/नक्साङ्कनको कार्य सम्पन्न गरिनेछ।

२९. घरपरिवारको आवश्यक तथ्यांक सहितको नगरपालिकाको Digital Profile निर्माण गरि घर नम्बरिङ्ग कार्य अगाडी बढाईनेछ।

३०. जनप्रतिनिधि/कर्मचारीहरूको क्षमता विकास योजना निर्माण गरिनेछ। क्षमता विकास योजनाको आधारमा जनप्रतिनिधि/ कर्मचारीहरूका लागि अभिमुखीकरण, तालिम, अवलोकन भ्रमणका कार्यक्रम सञ्चालन गरिनेछ।

३१. आवश्यकता अनुसार विज्ञको सल्लाह/सहयोग लिई दिगो विकासका लक्ष्यहरूको स्थानीयकरणको लागि चालू आ.व.मा भइरहेको कामका प्रतिवेदन र सोबाट प्राप्त सुझावका आधारमा आगामी आ.व.का योजनामा सुधार गर्दै लगि स्थानीयकरणलाई पुर्णता दिइनेछ।

३२. राजश्व सुधार योजना बनाई लागु गर्नुका साथै राजश्व परामर्श समितिलाई अझ बढी क्रियाशिल बनाईने छ। ताल तलैया तथा नदीजन्य स्रोतको उपयोगलाई बढावा दिदै दिगो स्रोतको प्रवर्द्धनमा विशेष जोड दिइनेछ। साथै स्रोत उपयोग गरेको स्थानका वडामा स्रोत प्रवर्द्धन हुने खालका योजनामा स्रोत परिचालन/उत्खननबाट भएको खुद आम्दानीको १०% खर्च गर्ने गरी वडामा बजेट उपलब्ध गराइनेछ। समुदायले उपभोग गरिरहेका ताल तलैयाहरु नगरपालिकाको मातहतमा ल्याउन पहल गरिनेछ।

३३. टोल विकास संस्था तथा उपभोक्ता समितिहरूलाई अझ शसक्त र प्रभावकारी बनाउनका लागि तालिमको व्यवस्था गरी योजना तर्जुमा प्रक्रिया तथा सामाजिक सुधारको काममा अरू जिम्मेवार बनाइने र योजना हस्तान्तरण गर्ने परिपाटीको सुरूवात गरिनेछ।

३४. कार्यालयको ठुला मेसिनरी साधनहरु नगर भित्र संचालन हुने योजनाहरुमा प्राथमिकता दिई संचालन गरिनेछ । पुराना उपयोगमा नआएका जिन्सी सामाग्रीहरु आवश्यकता अनुसार व्यवस्थापन गरीने छ।

३५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले वित्तीय समानिकरण अनुदान सिफारिस दिदा स्थानीय सरकारको कार्यसम्पादन मुल्याकंनका १७ वटा सुचकहरूले औल्याएका शिक्षा, स्वास्थ्य, समयावधि भित्र गर्नुपर्ने सभा, समिक्षा लगायतका कार्यहरू गरी कार्य सम्पादनमा आधारित अनुदान बढाउन हर प्रयत्न गरिनेछ। साथै स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकंन प्रणालीका पुरा हुन नसकेका बुँदालाई आगामी वर्ष पुरा गरी उच्चतम अंक हासिल गर्न कार्यालयका सबै शाखा, उप-शाखालाई प्रेरित गरिनेछ।

३६. न्यायिक समितिको प्रभावकारिता बढाउँदै व्यवस्थित कार्यसम्पादन गर्नका लागि न्यायिक समितिको पूर्नगठन व्यवस्थापकीय प्रबन्ध, अनुगमन भ्रमण तथा मेलमिलापकर्ताका लागि पुर्नताजगी तालिम र मेलमिलाप केन्द्रहरूको संस्थागत आकार प्रदान गरि पालिकास्तरको न्यायिक सम्पादन कार्यलाई कुशलता पुर्वक सम्पादन गर्ने प्रणालीको स्थापना गरिनेछ।

३७. नगरको विकासमा उच्च योगदान पुयाउने कर्मचारी, खेलाडी, पत्रकार, उपभोक्ता समिति/ निर्माण व्यवसायी, कृषक तथा संघ/संस्थालाई सम्मान र पुस्कृत गरिनेछ । साथै अस्थायी/करार/ज्यालादारी कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइनेछ।

३८. जनातासगँ जनप्रतिनिधि कार्यक्रम मार्फत प्रत्यक्ष सम्बाद कार्यक्रम संचालन गरिनेछ।

३९. बुद्धभूमि नगरपालिकाबाट निर्माण भई जारी भएका कानूनहरुको बारेमा सरोकारवालाहरुलाई जानकारीका लागि आवश्यक कानूनी सचेतनाका कार्यक्रम संचालन गरिने छ।

४०. लेखा समितिको काम कर्तव्य अधिकारलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ।

४१. महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षणको क्रममा औल्याइएका बेरुजु कम गर्नका लागि सोही प्रकृतिका कार्य नदोहोर्याउन र बेरूजु फर्यौछटलाई प्राथमिकतामा राखी नीतिगत बेरुजु देखिएका विषयमा बजेट विनियोजन नगर्ने नीति अवलम्बन गरिनेछ।

४२. छिमेकी पालिकाहरूको सहकार्यमा छाडा चौपाया व्यवस्थापन कार्य अगाडि बढाइने छ।

<u>आर्थिक विकास क्षेत्रः (कृषि, पशु सेवा, उद्योग, वाणिज्य, सहकारी, पर्यटन र अन्य)</u>

४३. कृषिमा व्यवसायिकता वृद्धिका लागि "एक वडा एक उत्पादन" कार्यक्रम मार्फत १० वटै वडालाई कुनै एक वस्तुमा आत्मनिर्भर बनाईने कार्यक्रम सञ्चालन गरिनेछ। रोजगारी तथा स्वरोजगारी सृजना गर्न निजि क्षेत्रसगँ समन्वय, सहकार्य तथा प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ।

४४. व्यवसायिक कार्ययोजना सहित प्रस्ताव पेश गर्ने व्यावसायिक फर्मलाई विउ पुँजीको रुपमा रकम उपलब्ध गराउन कार्यविधि निर्माण गरि आवश्यक स्रोतको व्यवस्था मिलाईनेछ। साना उद्यमीहरु तयार गर्न विना

ब्याज ऋण प्रवाह गर्नको लागी बैंकसँगको समन्वयमा नगर प्रमुख उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ ।

४५. कार्यालयबाट भुक्तानि दिने बुद्धभूमि नगरपालिका क्षेत्रभित्रका फर्म/व्यवसायलाई नगरपालिकामा व्यवसाय दर्ता वा नविकरण अनिवार्य गरिनेछ । करको दायरा बढाई बुद्धभूमी नगरक्षेत्रमा सञ्चालनमा रहेका सबै उद्योग, व्यवसाय, कम्पनि, बैंक तथा वित्तिय संस्थालाई अनिवार्य रुपमा व्यवसाय करको दायरामा ल्याउनका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

४६. प्राइभेट फर्म तथा व्यवसायको नविकरणलाई प्रोत्साहन गर्न, महिला, अपाङ्ग, दलित तथा पिछडिएको क्षेत्रको लागी उधमशिलता प्रवर्द्धन गर्न साथै गरिबी निवारणका लागी उधम विकास कार्यक्रम (मेडपा) वाट सिर्जना भएका लघु उद्यमिलाई प्रोत्साहन गर्न छुट प्रदान गरी दर्ता/नविकरणको लागि विशेष व्यवस्था मिलाईनेछ, साथै उक्त कार्यका लागि स्थानिय व्यवसायिक संघ संस्थाको समेत समन्वय र सहकार्य गरिनेछ ।

४७. वस्तुको खरिद विक्रि तथा उत्पादन उपभोगमा स्वच्छता कायम गर्न बजार अनुगमनलाई तिव्रता दिनुका साथै उपभोक्ता हित सचेतना सम्बन्धि कार्यक्रमलाई सघन बनाई उपभोक्ता हित संरक्षण सुनिश्चितताको व्यवस्था गरिनेछ ।

४८. सहकारीमा सुद्धिकरणका लागि निष्क्रिय सहकारी खारेजीको लागि आवस्यक व्यवस्था मिलाईनेछ । नगरमा सञ्चालित सहकारी संस्थाहरुको सञ्चालनमा एकरुपता, कार्य प्रक्रिया सरलीकरण र प्रष्टता प्रवर्धन हुने वातावरणको सृजना गर्न सहकारी कानुनको निर्माण गरी कडाईका साथ लागु गरिनेछ ।

४९. सहकारी संस्थामा कोपोमिसको प्रयोगलाइ अनिवार्य गरिनुपर्ने साथै सहकारी संस्थाले नगरबाट प्रवाह हुने सेवा सुविधा प्राप्त गर्न कोपोमिसमा आवद्धता तथा नियमित रिपोर्टिङ्ग पहिलो शर्तका रुपमा रहने व्यवस्था मिलाईनेछ ।

५०. सहकारीको संस्थाको क्षमता विकास गर्न, प्रशासनिक एवम वित्तिय सुशासन कायम गर्न तालिम, गोष्ठि, सेमिनार, अध्ययन अवलोकन भ्रमण र नियमित अनुगमन मुल्याङ्कनलाई निरन्तरता दिइनेछ ।

५१. नगर क्षेत्रभित्र ऐतिहासिक तथा धार्मिक पर्यटकीय सम्भावना बोकेका ठाउँहरु, तालहरू, साँस्कृतिक संग्रालयहरू, प्राकृतिक सौन्दर्यका स्थलहरूको प्रबर्द्धन गरी पर्यटन तथा अध्यात्म पर्यटन विस्तारको लागि पहुँच मार्ग निर्माण, पर्यटकीय पूर्वाधार निर्माण, सौन्दर्यीकरण र पर्यटन सूचना केन्द्र स्थापनालाई जोड दिइनेछ ।

५२. मेडपा कार्यक्रमलाई थप प्रभावकारी र सघन बनाइ गांउघर स्तरमै पर्याप्त रोजगारी र आयआर्जनको माध्यमको रुपमा विकास गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।

५३. बुद्धभूमि नगरपालिका क्षेत्रमा रहेका सुनौलो हजार दिनका आमा, बालबालिका र किशोरीहरुलाई पोषिला खानेकुरामा पहुँच, सरसफाई तथा स्वच्छ आहार विहार, स्वास्थ्य सेवा, शुद्ध खानेपानी, संक्रामक रोगबाट सुरक्षाको सुनिश्चिता हुने गरी बहुक्षेत्रीय पोषण कार्यक्रमको एकिकृत वार्षिक योजना तर्जुमा गरी लागु गर्न आवश्यक प्रबन्ध मिलाईनेछ । वडा तहमा आधारभूत पोषण सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन

गरिनेछ,  विषयगत शाखाद्धारा सुनौलो हजारदिनका घरपरिवारलाई पोषण सुधारका लागी एकिकृत कार्यक्रम संचालन मार्फत पोषणमैत्री स्थानिय शासनको प्रवर्धनका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

५४. बेरोजगार युवाहरूलाई दीर्घकालिन रुपमा स्वरोजगार सृजना हुने स्थानीय रोजगारी कार्यक्रम सञ्चालन गरिनेछ । आन्तरिक रोजगारी प्रवर्द्धन र श्रमको सम्मान कार्यक्रममा जोड दिइनेछ । सक्रिय श्रमशक्तिको परिचालन गर्दै रोजगारमुलक क्रियाकलाप सञ्चालन गरिनेछ । बुद्धभूमि नगरपालिकाको सम्पूर्ण वडालाई बालश्रम मुक्त वडा घोषणा गर्ने कार्यलाई निरन्तरता दिइने छ । बुद्धभूमिको रोजगार रणनीति २०८१-२०८५, तयार गरी लागू गरिनेछ । सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै आर्थिक, सामाजिक रूपले पछि परेका वर्गलाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी आर्थिक रूपमा सक्षम बनाइनेछ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्न कार्यक्रम निर्माण गरी स्वरोजगार सिर्जना गरिने छ । पालिकाबाटै पुनः श्रम स्वीकृत गर्ने र विदेशमा मृत्यु भएका परिवारको राहत उद्दारको कार्यलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

५५. स्थानिय जातका गाई /भैसि तथा बाख्राहरुमा नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व बृद्धिका  लागी कृतिम गर्भाधान तथा पशु पालन अनुदान कार्यक्रम सन्चालन गरीनेछ । बुद्धभुमि नगरपालिकालाई दुध तथा मासुमा आत्म निर्भर बनाउन पहल गरिनेछ ।

५६. बुद्धभूमि नगरपालिकाका व्यावसायीक तथा सक्रिय कृषकका पशु पंक्षिलाई पशु विमा कार्यक्रममा अनुदान मार्फत कृषकलाई प्रोत्साहन गरीने छ ।

५७. पशु रोग नियन्त्रणका लागी पशुमा लाग्ने महामारी जन्य तथा संक्रामक रोग विरुद्ध नियमित पशु भ्याक्शिनेशन कार्यक्रम सन्चालन गरीनेछ । पशु उपचार सेवालाई सबैको पहुच पुग्ने गरि निरन्तर कृषक घर गोठ उपचार सेवा कार्यक्रम संचालन गरिने छ । साप्ताहीक तथा माषिक रुपमा कृषक घर गोठ एक दिने पशु पालन कृषि बालि  सम्वन्धि तालीम /गाष्ठी/कृषक पाठशाला  कार्यक्रम संचालन गरी पशु पालन प्रविधिलाई विस्तार गरीने छ ।

५८. पशु पंक्षिमा आन्तरीक तथा वाहीय परजीवी नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिनुका साथै अझ प्रवाहकारी रुपमा सन्चालन गरीने छ । कृषकलाई विभिन्न उन्नत जातका घाँसको विउ तथा बेर्ना वितरण गरी प्रोत्साहन गरीने छ ।

५९. कृषकहरुलाई व्यवसायमा जागरुक तथा अनुसरण गरी उत्पादनमुखि बनाउन प्रोत्साहन स्वरुप विभिन्न अन्तर जिल्ला कृषक भ्रमण गराईने छ । पशु उपचार सेवालाई गुणस्तर तथा सरलीकरण रुपमा निरन्तर संचालन गरीने छ ।

६०. रासायनिक मलको प्रयोगलाई न्युनिकरण गर्दै माटोको गुणस्तरलाई उर्बर बनाउन कम्पोष्ट तथा भर्मी मल उत्पादनमा अनुदानको कार्यक्रम संचालन गरीने छ । जैविक कृषि कार्यलाई प्रोत्साहन गर्न कम्तिमा एक हल गोरु पाल्ने कृषकलाई अनुदान उपलब्ध गराईनेछ । उन्नत तथा मुल विउको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न ५० प्रतिशत अनुदानमा खाद्यान्न बालीको विउ वितरण गरीने छ । विभिन्न बालीका नया जातको पर्दशन कार्यक्रम संचालन गरीने छ ।

६१. माटोको गुणस्तर चेक जाचको लागी कार्यक्रम संचालन गरीने छ। उत्पादन तथा उत्पादकत्व अधिकतम बृद्धि र विस्तार गर्न विभिन्न(पलास्टीक मल्चीङ्ग,) प्रबिधि कृषक सम्म पु–याईने छ। किसान सुचिकरण कार्यलाई अगाडी बढाईनेछ। कृषि उपजको बजारीकरणमा सहजिकरण गरिनेछ।

६२. करदाताको व्यवसायिक लागत घटाउने गरी कर प्रणालीमा सुधार गरिनेछ। आधुनिक प्रविधिको अधिकतम उपयोग गर्दै राजश्व प्रशासनको दक्षता अभिवृद्धि गरिनेछ।

## सामाजिक विकास तर्फ

६३. बालमैत्री नगर घोषणाका आधार सुचकहरु चरणबद्ध रुपमा पुरा गर्दै लगिनेछ।

६४. लक्षित वर्ग तर्फ आर्थिक तथा सामाजिक रुपले पिछडिएका बालबालिका, महिला, जनजाती दलित, अपाङ्ग, जेष्ठ नागरिक,  मधेसी, मुस्लिम , लोपोन्मुख जातजाती, लौङगिक तथा यौनिक अल्पसंख्यक लगायत वर्गको क्षमता विकास गर्दै मूल प्रवाहिकरण गरीने छ । एकल महिलाको हितको लागि व्यवसायिकता प्रवर्दनका कार्यक्रम तथा पुँजी सहयोग गर्नुका साथै वडा तथा नगरबाट प्रवाह हुने सार्वजनिक सेवा तथा सुविधामा एकल घरमुली भएका परिवारलाई प्राथमिकता दिइनेछ।

६५. खुला दिशामुक्त/बालविवाह मुक्त नगर घोषणा भई सकेकोले सो को निरन्तर अनुगमन, निगरानी तथा सचेतीकरणका कार्यक्रमलाइ निरन्तरता दिइने छ।

६६. सडक तथा असहाय बालबालिकाको संरक्षकत्व/ अभिभावकत्वका लागि सम्बन्धित सरोकारवाला संस्था संग समन्वय र सहकार्य गरिनेछ।

६७. सबै खालका लैङ्गिक हिंसाको अन्त्यको लागि शुन्य सहनशिलताको नीति अवलम्बन गरी अप्ठयारो अवस्थामा परेका महिला तथा बालबालिकालाई आपतकालिन सहयोग गरिने व्यवस्था मिलाइनेछ। हिंसा पिडित महिलालाई उद्धारको लागि सेवा प्रदायक संस्थालाई दिने सहयोगमा निरन्तरता दिइने छ।लागु औषध, घरेलु हिंसा, लैंगिक हिंसा, ट्राफिक सचेतना लगायतका कार्यक्रमहरु सघन रूपमा संचालन गरिनेछ।

६८. विभिन्न संजाल /समुहहरुको कार्यविधि निमार्ण गरी कार्यान्वयन गरीने छ।

६९. सेवा प्रवाहलाई सहज, सरल र नागरिकमैत्री बनाउनको लागि बहुसेवा सहितको एकिकृत घुम्ती शिविरलाई निरन्तरता दिइनेछ।

७०. घटना घटेको मितिले ३५ दिनभित्र घटना दर्ता गर्न प्रोत्साहन गरीनेछ । सामाजिक सुरक्षा लगायत पञ्जीकरणलाई सशक्त, प्रभावकारी बनाउन सामाजिक सुरक्षा दर्ता सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ। राष्ट्रिय परिचयपत्रमा आधारित सामाजिक सुरक्षा भत्ता निवेदन दर्ता तथा नविकरणमा बायोमेट्रिक प्रणाली लागु गरिनेछ।

७१. सामाजिक सुरक्षा भत्ता बैकिङ प्रणाली मार्फत वितरण गरिएको व्यवस्थालाई निरन्तरता दिइनेछ। प्रत्येक त्रैमासिकमा बैंक मार्फत वडा स्तरमा कम्तीमा २ दिन सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।‘क’ वर्गका अपाङ्गता भएका व्यक्ति र अति असक्त बिरामी तथा ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता वितरणको सेवा घरमै पुर्‍याउने व्यवस्थाको मिलाईनेछ।

७२. स्वास्थ्य चौकीहरुमा औषधि तथा जिन्सि व्यवस्थापन गर्न ELMIS System लागु गरिनेछ । बुद्धभूमि नगरपालिकालाई क्षयरोग मुक्त अभियान संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । सिकलसेल एनिमियाका विरामी तथा महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई स्वास्थ्य विमामा दिईएको अनुदान निरन्तरता रहनेछ । प्राईभेट स्वास्थ्य सस्थाले दिएको सेवालाई HMIS मा समावेश गर्न आवश्यक व्यवस्था मिलाईने छ । सुत्केरी पोषण कार्यक्रम संचालन गर्न खाका तयार गरी आवश्यक व्यवस्था गरिनेछ । साथै मृगौलारोगीलाई डायालोसिस गर्नको लागि निःशुल्क यातायातको व्यवस्था मिलाइएको छ ।

७३. असाध्य रोगमा भनि नेपाल सरकारले १ लाख प्रदान गर्ने खालका रोगीहरुको पोषण तथा यातायात सहायता नगरपालिकाबाट दिँदै आइरहेकोमा सो कार्यलाई निरन्तरता दिइने छ । साप्ताहिक रुपमा गरिने आँखा शिविर, रक्तदान शिविर, पुर्ण खोप दिगोपन पाठेघर जाँच जस्ता कार्यक्रमहरुको निरन्तरता रहनेछ ।

७४. निर्माणाधिन १५ शैय्याको अस्पताल निर्माणको कार्य सम्पन्न गरी आ.व. २०८१/८२ भित्र संचालनमा ल्याईनेछ । सर्प दंश केन्द्र गोरुसिंगेलाई छिमेकी जिल्ला तथा स्थानिय तह संग समन्वय मार्फत स्रोत व्यवस्थापन गरी व्यवस्थित गरिने छ ।

७५. कुपोषित वच्चाको उपचारको लागि OTC सेन्टरको विस्तार गरिदै लागिने छ । जीर्ण स्वास्थ्य चौकी निर्माणलाई उच्च प्राथामिकता दिइनेछ । खोप तथा गाँउघर क्लिनिकको २ कोठे भवन निर्माण गरिदै लगिने छ । सेवाको पहुच भन्दा बाहिर रहेका बस्तीमा स्वास्थ्य सेवा प्रदान गर्न आधारभुत स्वास्थ्य ईकाई / शहरी स्वास्थ्य क्लिनिक बिस्तारको लागि पहल गरिने छ ।

७६. हाल यस नगरपालिकाको वार्ड नं.२ र ५ पुर्ण संस्थागत प्रसुति घोषणा भइसकेका र सो वार्डहरुलाई पुर्ण संस्थागत प्रसुति दिगोपना कायम राख्दै बाँकी वार्डहरुलाई पनि मापदण्ड पुरा गरी पुर्ण संस्थागत प्रसुति घोषणा गरिनेछ । रेविज रोग विरुद्धको भ्याक्सिनेसन सेवा बुद्धभूमि नगरपालिकामा उपलब्ध गराउने गरी आवश्यक व्यवस्था मिलाईने छ ।

७७. मौसमी तथा नसर्ने रोगको समस्या नियन्त्रण गर्न स्वास्थ्य परिक्षण क्याम्प तथा जनचेतना मुलक क्रियाकलाप संचालन गरिनेछ । नागरिक आरोग्य सेवा केन्द्रको सेवालाई विस्तार गरिदै लगिने छ ।

७८. शिक्षण पेशामा संलग्न जनशक्तिको पेशागत विकास, प्रविधि सम्बन्धी सीपको विकास र पेशागत नैतिकताको प्रवर्धनबाट शिक्षण सिकाई क्रियाकलापमा सुधार गरी शैक्षिक गुणस्तर अभिवृत्तिमा जोड दिइने छ ।

७९. विद्यालय समायोजन, दरवन्दी मिलान तथा पुनर्वितरण कार्यक्रम अनुरुप विद्यालयहरुमा जनशक्ति व्यवस्थापन गरी विद्यालयहरुमा प्रसाशनिक नेतृत्वको सवलीकरण र व्यवस्थापकीय सुधार गर्नका लागि प्रधानाध्यापकसंग कार्यसम्पादन करार सम्झौता गरी उत्कृष्ट कार्यसम्पादन गर्ने प्रधानाध्यापकलाई पुरस्कृत गरिने छ ।

८०. कुशल व्यवस्थापन सहित उच्च सिकाई उपलब्धी हासिल गरेका स्वदेशका विभिन्न स्थानका विद्यालयमा शिक्षक तथा कर्मचारीलाई अध्ययन तथा अवलोकन भ्रमण गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

८१. खेल शिक्षकलाई तालिमको व्यवस्था गरिने छ। शिक्षकहरुको तलव भत्ता यथासक्य मासिक रुपमा निकासा गर्ने कार्यको थालनी गरिने छ । बालबिकास सहजकर्ता र विद्यालय कर्मचारीलाई प्रोत्साहनको नीति अवलम्बन गरिने छ।

८२. प्राविधिक शिक्षा तर्फ आकर्षित गर्न बिपन्न तथा जेहन्दार छात्रालाई छात्रावृत्तिको व्यवस्था गरिने छ । विद्यार्थीको सर्वाङ्गिण विकासलाई टेवा पुर्याउन अतिरिक्त कृयाकलाप सञ्चालन गरिने छ । बिपन्न बालबालिकाको साथमा नगरपालिका भन्ने मान्यता अनुरुप बिपन्न तथा जेहेन्दार बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिने छ।

८३. विद्यालयहरुलाई सफा, सुन्दर,  हराभरा र प्रविधिमैत्री विद्यालयमा परिणत गर्ने खालका कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ। अनुदान रकममा न्यूनतम पारिश्रमिक हुने गरी व्यवस्था मिलाई  नगर शिक्षण सहयोग अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ। यसबाट सामुदायिक विद्यालयमा शिक्षक अभावलाई कम गरिने छ।

८४. स्थानीय पाठ्यक्रमलाई आ.व. २०८१/८२ मा १-८ सम्म लागु गरिने छ। शैक्षिक गुणस्तर सुधारका लागि अनुगमन, निरीक्षण र सुपरिवेक्षणलाई थप प्रभावकारी बनाईने छ । विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको नियमितता, समय पालना तथा तथ्याङ्क व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा ई- हाजिरीको व्यवस्था गरिने छ। योग तथा जीवन विज्ञान शिक्षा विद्यालयमा सञ्चालन गरिने छ।

८५. वडा शिक्षा समितिलाई थप सशक्त बनाई, वडागत शैक्षिक सुधारका योजना र प्रगति समिक्षाका कार्यक्रम सञ्चालन गरिने छ। अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।

८६. प्रत्येक बालविकास कक्षाहरुमा डिजिटल लर्नींङको व्यवस्था मिलाई प्रविधिमैत्री सिकाइ कक्षामा रुपान्तरण गरिने छ। वालविकास कक्षा देखि कक्षा ३ सम्मको बसाई व्यवस्थापनमा सुधार गरिने छ।

८७. वडा स्तरका खेलकुद कार्यक्रम सञ्चालन गरी युवाहरुलाई खेल प्रति आकर्षित गरिने छ। युवा क्लबहरुलाई खेलकुद, विकास र समाज रुपान्तरणमा परिचालन गर्ने नीति अवलम्बन गरिने छ । युवाहरुलाई विकास निर्माण, वातावरण संरक्षण तथा सामाजिक सचेतनाका कार्यमा लाग्न प्रोत्साहित गरिने छ। उसु, स्काउट, तेक्वान्दो, क्रिकेट र फुटबलका लगाएतका खेलकुद  कार्यक्रमहरु प्रतियोगितात्मक रुपमा सञ्चालन गरिने छ। राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप प्रतियोगिता कार्यक्रमलाई निरन्तरता दिईने छ।

८८. विपन्न परिवारका विद्यार्थीको शैक्षिकस्तर बढाउनको लागि साधारण उच्च शिक्षामा छात्रवृत्ति दिइने नीति अवलम्बन गरिनेछ।

## वातावरण तथा विपद् व्यवस्थापन

८९. बारुण यन्त्र खरिदका लागि बजेट व्यवस्थापन गरिनेछ। नगरस्तरीय तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाई वडा कार्यालय र प्रहरी चौकीमा विपद् प्रतिकार्य सामाग्री सहितको विपद कर्नरलाई थप व्यवस्थित गरिनेछ। नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरी सगँ समन्वय सहकार्य गरी नगर प्रहरी तथा नगरबासीलाई विपद् प्रतिकार सम्बन्धी तालिम तथा अभ्यास गराईनेछ।

९०. निजि वन दर्ताका लागी प्रोत्साहन गर्ने नीति अपनाईने छ।

९१. "समृद्धिका लागि वन" परियोजना मार्फत निजि वन तथा सार्वजनिक जग्गामा वन व्यवस्थापन तथा वृक्षारोपणका लागि बिरुवा खरिदमा सहुलियत प्रदान गरिनेछ। खाली सार्वजनिक जग्गालाई हरित उद्यानको रूपमा विकास गरिनेछ।

९२. फोहोरको न्यूनीकरणका लागि कम्पोष्टविन, कौशी खेतीलाई प्रवर्द्धन गरिनेछ। फोहोरको वर्गीकरण गरी कुहिने, नकुहिने र सिसाजन्य फोहोर फरक फरक दिनमा संकलन र व्यवस्थापनलाई निरन्तरता दिई क्षेत्र विस्तार गरिनेछ। नगरभित्रका सबै वडा बस्तीहरु सफा सुग्घर राख्नका लागि प्रत्येक वडा मार्फत कम्तिमा महिनाको १ पटक टोल टोलमा जन सहभागिता जुटाई बाटो नाली सरसफाई अभियान संचालन गरिने छ। प्लाष्टिक जन्य पदार्थको प्रयोग निरुत्साहन गरीनेछ।

९३. उन्नत र सुधारिएको चुल्होको प्रयोग, खेर गएको पानीको उपयोग हुन सक्ने करेसाबारी निर्माण तथा घरमा ग्यासलाई इन्डेक्सन चुलो मार्फत प्रतिस्थापन गरिने नीति लिइनेछ तथा नवीकरणीय उर्जाको खपतलाई प्रोत्साहन गरिनेछ।

९४. इट्टा उद्योगबाट हुने कार्बन उत्सर्जनलाई कटौती गर्न गैसस तथा निजी क्षेत्रसँग सहकार्य गरी विद्युतीय र अन्य स्वच्छ प्रविधिबाट उत्पादित इट्टाको प्रयोगमा प्रोत्साहन गरिनेछ।

९५. खोला/खोल्सा तथा उत्पादनशील जमिनहरूको क्षयीकरण रोक्न आवश्यक कार्यका लागि संघ र प्रदेश सगँ समन्वय र सहकार्य गरी कार्यक्रम तय गरिनेछ।

*प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वियनबाट आर्थिक, सामाजिक, भौतिक क्षेत्रमा थप गतिशील हुनेछ, 'खुसी नगरवासी, समृद्ध बुद्धभूमि' को आकाङ्क्षा पुरा गर्न योगदान पुग्नेछ। यी नीति तथा कार्यक्रमको कार्यान्वियनमा नगर कार्यपालिकालाई सबैबाट सक्रिय सहयोग हुने विश्वास व्यक्त गर्दछु।*

अन्त्यमा नगरको समग्र विकासमा मार्गदर्शन, समन्वय र सहकार्य गर्ने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, विकास साझेदारी संघसंस्थाहरू, श्रमिक वर्ग, नागरिक समाज, आम सञ्चार जगत लगायत सम्पूर्ण नगरबासीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद !**